# बारम्बार सोधिने प्रश्नहरू:

# Bayfront Parkway सेन्ट्रल कोरिडोर परियोजना

## अन्तरक्रियात्मक विषयसूची


परियोजनाको विवरण

पैदलयात्री तथा साइकिल चालकका लागि सुधारहरू

वातावरणीय विश्लेषण

समकक्षी समीक्षा

सर्वसाधारणसम्म पुग्ने प्रयास/सर्वसाधारणको टिप्पणी


## परियोजनाको विवरण

- **Bayfront Parkway सेन्ट्रल कोरिडोरमा कुन-कुन क्षेत्र समेटिएको छ ?**
  - सेन्ट्रल कोरिडोर परियोजनामा Sassafras Street Extension, State Street, र Holland Street को इन्टरसेक्सन समावेश गरिएको छ। यो Bayfront Parkway अध्ययन का लागि विकास गरिएको धेरै परियोजनाहरू मध्येको एक हो। उक्त अध्ययनले प्रस्ताव गरेको अन्य परियोजनाहरूमा 2023 को लागि रूपाङ्कन गरिएको पूर्वी Bayfront परियोजना, र डिजाइनको चरणमा रहेको West Bayfront को भावी सुधार योजना पर्छन्।

- **के परियोजनाले पार्कवे वरपरको ट्राफिकको आवतजावतलाई बढाउँछ ?**
  - होइन, यो परियोजना ट्राफिकको आवतजावत बढाउनका निम्ति तयार गरिएको होइन। Bayfront Parkway वरपरको विकास, जस्तै खुद्रा पसल तथा निर्दिष्ट व्यवसायको निर्माणका कारण यहाँको ट्राफिकको आवतजावत परिवर्तन हुन सक्छ। यो परियोजना उक्त परिवर्तन व्यवस्थापन गर्न बनाइएको हो। 2043 मा सडकमार्गको अपेक्षित ट्राफिक आवतजावत 28,937 ADT (औसत दैनिक यातायात) हुन्छ भनेर अपेक्षा गरिएको, जसमा विकाससम्बन्धी योजनाहरू तथा ऐतिहासिक वृद्धि दरको तथ्याङ्कको बारेमा विचार गरिएको छ। सडकमार्गको प्रस्तावित सुधारले ट्राफिकको यो आवतजावतलाई मजाले धान्न सक्छ।

- **के परियोजनामा घर वा व्यवसाय सार्नु वा भत्काउनु पर्ने हुन्छ ?**
    - होइन, छनौट गरिएको विकल्प नजिकैको घरजग्गा तथा संरचनामा न्यूनतम प्रभाव पर्ने गरी तयार गरिएको छ र स्थानान्तरण आवश्यक पर्दैन । परियोजनाको सीमा भित्र रहने गरी, Bayfront Parkway को प्रत्येक दिशामा एउटा लेन हुनेछ र प्रत्येक इन्टरसेक्सनमा एउटा थप मोडिने लेन हुनेछ ।

- **निर्माण कार्यको लागि समयसीमा तोकिएको छ ?**
    - केही पूरक परियोजनाहरू - Soldiers' and Sailors' Home जानेआउने पहुँचमार्गको सुधार (पूरा भएको काम) र 12th Street मा रहेको ट्राफ्रिक सिग्नलको सुधार (चालू काम) को कामबाट प्रस्तावित समयसीमा सुरु हुन्छ । सेन्ट्रल कोरिडोरको कामको ठेक्का 2022 को फलमा लाग्न सक्छ भनेर अपेक्षा गरिएको छ ।  परियोजनाको आकार तथा जटिलताका कारण, यो परियोजना धेरै वर्षहरू लगाउँदै विभिन्न चरणहरूमा पूरा गरिनेछ । समयसीमा तथा पूरक परियोजनाहरूको बारेमा थप जानकारी www.BayfrontParkwayProject.com र www.PennDOT.gov/District1 मा उपलब्ध छ ।

## पैदलयात्री तथा साइकिल चालकका लागि सुधारहरू

- **के प्रस्तावित योजनाले पैदलयात्री तथा साइकल चालकका लागि सहर देखि waterfront सम्मको सडक सञ्जाललाई सुधार गर्छ ?**
    - हो, छनौट गरिएको विकल्पमा धेरै पक्षहरू छन् जसले पैदलयात्री तथा साइकल चालकको थप सुरक्षा तथा पहुँचसम्बन्धी समस्याहरूलाई सम्बोधन गर्छ । यो योजनामा पैदलयात्रीका लागि तीनवटा पूल, सबै इन्टरसेक्सनमा पैदलयात्रीका लागि सडक तहको सुदृढ क्रसवाक, पार्कवेको वाटरफ्रन्टतिर छुटिरहेको सडकमार्गको निर्माण पूरा गर्ने योजना, State Street मा बाइक लेन, र कोरिडोरभरि ट्राफिक नियन्त्रण गर्ने उपायहरू समावेश गरिएको छ ।

- **पैदल यात्रीको लागि बनाइले पुल Bayfront Parkway परियोजनाको छनौट गरिएको विकल्पको अंश हो ?**
    - हो, Bayfront Parkway परियोजनाको योजनामा Holland, Sassafras Extension तथा State Street प्रत्येकमा एक- एक पुल गरेर – जम्मा तीनवटा पुल समावेश गरिएको छ । यति ठूलो परियोजना धेरै वर्षहरू लगाएर चरणबद्ध रूपमा निर्माण गरिनु पर्दछ । Holland Street को पैदलयात्री पुल परियोजनाको पहिलो चरणमा समावेश गरिएको छ र यसमा पहुँचको लागि वाटरफ्रन्टतिर ग्राजुअल स्विच-ब्याक डिजाइनको साथमा केबल-स्टे डिजाइन हुनेछ । अन्य पैदलयात्री पुलहरू बहुवर्षीय परियोजनाका पछिल्ला चरणहरूसँग समन्वय गरी निर्माण गरिनेछ ।

- **राउन्डअबाउटले Bayfront Parkway मा पैदलयात्री तथा साइकलको सुरक्षा कसरी सुधार गर्नेछ ?**

- सवारीसाधनहरूको गति कम गर्ने कार्य र पैदलयात्रीलाई बाटो काट्दा विश्राम स्थल प्रदान गर्ने कार्य राउन्डअबाउटको सुरक्षा सुधार गर्ने कार्यहरू मध्येको एक कार्य हो। Bayfront Parkway परियोजनाले Holland Street मा एउटा र Sassafras Street Extension मा अर्को गरेर दुईवटा राउन्डअबाउट प्रस्ताव गरेको छ। यी प्रत्येक स्थानहरूमा, पैदलयात्रीहरूले एउटा दिशा तर्फ गइरहेको ट्राफिक भएको स्थानबाट बाटो काट्ने छन्। पैदलयात्रीहरूले एकतिरको ट्राफिकबाट बाटो काट्छन् र एकछिन विश्राम स्थलमा रोकिन्छन् र त्यसपछि अर्को तिरको ट्राफिकबाट बाटो काट्छन्। यसो गर्दा पैदलयात्रीहरूले वितरित दिशा तर्फ गइरहेको ट्राफिकबाट बाटो काट्नु पर्दैन। साइकल यात्रीहरूले पैदल यात्रीको लेन वा ट्राभल लेन प्रयोग गरेर राउन्डअबाउट मार्फत अगाडि बढ्न पाउने छन्। राउन्डअबाउट तथा सुरक्षासम्बन्धी सुधारहरूको बारेमा थप जानकारी प्राप्त गर्ने यहाँ क्लिक गर्नुहोस्।

- **परियोजनाको पहिलो प्रस्तावित चरणमा State Street को पैदल यात्रीसम्बन्धी सुधारहरू समावेश गरिएको छ ?**
  - हो, State Street को ग्रेड सेपरेटेड इन्टरसेक्टनको विकल्पले दुई मुख्य तरिकाहरूले पैदलयात्रीको सुरक्षालाई सुदृढ बनाउनेछः
    - पहिलो त, वर्तमान योजनाले सडकको अहिलेको सतहमा एउटा सानो इन्टरसेक्सन बनाउँछ जसले पैदलयात्रीको क्रसवाकको लम्बाइलाई 86 फिटबाट 46 फिटमा घटाउँछ।
    - दोस्रो भनेको, इन्टरसेक्सनमा आवतजावत गर्ने सवारीसाधनहरूको बारेमा एउटा विश्लेषण पूरा गरिएको थियो र उक्त विश्लेषणले इन्टरसेक्सनमा ग्रेड सेपरेसन राखेपछि सडक सतहको औसत दैनिक ट्राफिक धेरै हदसम्म घट्नेछ भनेर निर्धारण गरेको छ। 2043 मा, Bayfront Parkway मा दैनिक रूपमा गुड्ने 28,937 सवारी साधनहरू मध्ये केवल 7,760 ले सडक तहको इन्टरसेक्सन प्रयोग गर्छन् र बाँकी सवारी साधनहरू इन्टरसेक्सन मुनिबाट पार हुन्छन् भनेर अपेक्षा गरिएको छ।
    - यी सुधारहरूले State Street बाट Bayfront Parkway पार गर्न चाहने पैदल यात्रीहरूले एक तिहाइ सवरीसाधनहरूको साथमा झन्डै आधा दूरी मात्र पार गर्नु पर्दछ, जुन त्यहाँको सुरक्षाका लागि महत्वपूर्ण सुधार हुनेछ।

## वातावरणीय विश्लेषण

- **के यो परियोजनामा वातावरणमा पर्ने प्रभावको बारेमा राम्रोसँग अध्ययन गरिएको छ ?**
  - हो, संवेदनशील श्रोतहरूको बारेमा विचार गर्दै परियोजनाका असरहरूको बारेमा अध्ययन गरिएको छ र अध्ययनबाट निम्न लगायतका निष्कर्षहरू निकालिएको छः
    - जलक्षेत्र तथा जलमार्ग – जलक्षेत्रमा न्यूनतम प्रभाव, 0.015 एकर, र जल प्रवाहमा शून्य प्रभाव।

- ध्वनि – ध्वनिको अनुमानित स्तर (वर्ष 2040 को) र वृद्धि राजमार्ग ध्वनि कटौतीसम्बन्धी संघीय मापदण्ड र PennDOT प्रकाशन #24 को निर्देशिका भन्दा न्यून ।
- हावाको गुणस्तर – यातायात सुधार कार्यक्रममा राखिएको समयमा मूल्याङ्कन गरिएको र वातावरणीय सुरक्षा एजेन्सी (EPA) द्वारा प्रदान गरिएको निर्देशिका अनुरूप छ ।
- जोखिममा रहेका तथा लोपान्मुख (T&E) प्रजातिहरू – T&E प्रजातिहरू निगरानी गर्ने प्राकृतिक श्रोत एजेन्सीको साथमा समन्वय र समीक्षा गरिएको र कुनै प्रभाव पत्ता नलागेको ।
- तटीय क्षेत्र व्यवस्थापन (CZM) – वातावरणीय सुरक्षा विभाग (DEP) को तटीय क्षेत्र व्यवस्थापन टोलीको साथमा समन्वय तथा समीक्षा गरिएको र परियोजना CZM को नीति अनुसार उपयुक्त छ भनेर पत्ता लागेको ।
- वातावरणीय न्याय (EJ) – विश्लेषण पूरा भएपछि, छनौट गरिएको विकल्पले EJ समुदायहरूका मानिसहरू तथा वातावरणमा असमान रूपमा उच्च तथा नकारात्मक असर पुर्याउँदैन भनेर निर्धारण गरिएको थियो:
  - यो परियोजनाले विस्थापन वा महत्वपूर्ण वातावरणीय प्रभाव निम्त्याउने छैन:
  - यो परियोजनाले पैदल यात्री तथा साइकल चालकको आवतजावतलाई सहज बनाउने; र
  - यो परियोजनामा सर्वसाधारणको सहभागिताको कुरा गर्नु पर्दा  EJ समुदायहरूका प्रतिनिधिहरूलाई प्रक्रियामा सहभागी गराइएको थियो र सबै जानकारी तथा बैठक सामग्रीहरू वैकल्पिक भाषामा उपलब्ध गराइएको थियो/छ ।
- पानीको गुणस्तर – परियोजनाले पानीको गुणस्तर बिगार्न अनुमति नदिने राष्ट्र तथा राज्यका स्वीकृत प्रक्रियाहरू (डिस्चार्ट रेट तथा परिमाणसम्बन्धी निर्देशनहरू सहित) पालना गर्नेछ; वर्षाको पानीको व्यवस्थापन (रुख तथा बोट बिरुवाको संरचना सहित) पालना गर्नेछ र दर तथा मात्राको साथै प्रदूषक भार कम गर्नेछ ।

  - https://bayfrontparkwayproject.com/wp-content/uploads/2020/06/2020-06-15-Approved-Level-2-CE.pdf मा गएर सम्पूर्ण वातावरणीय दस्तावेज पढ्नुहोस् ।

- **वर्गीकरणसम्बन्धी छूट (CE) को अर्थ Bayfront परियोजनाका लागि कुनै वातावरणीय अध्ययन आवश्यक पर्दैन भन्ने हुन्छ ?**
  - होइन, यो परियोजनामा वातावरणमा पर्ने प्रभावको बारेमा माथि उल्लेख गरिए अनुसार राम्रोसँग अध्ययन गरिएको छ । वर्गीकरणसम्बन्धी छूट (Categorical Exclusion), वा CE, संघले प्रदान गर्ने यस्तो वातावरणीय वर्गीकरण हो जुन परियोजनाको विश्लेषण पूरा भएपछि परियोजनाले ठूलो प्रभाव पार्दैन भनेर निर्धारण गरिएको हुन्छ । अझै पनि, यो प्रक्रियामा राष्ट्रिय वातावरणीय नीति ऐन (NEPA) अन्तर्गतको पूर्ण वातावरणीय समीक्षा आवश्यक पर्छ ।

https://bayfrontparkwayproject.com/wp-content/uploads/2020/06/2020-06-15-Approved-Level-2-CE.pdf मा गएर सम्पूर्ण वातावरणीय दस्तावेज पढ्नुहोस् ।

- **परियोजनाको वातावरणीय दस्तावेजलाई वातावरणीय मूल्याङ्कनबाट (EA) बाट वर्गीकरणसम्बन्धी छूट (CE) मा झारिएको हो भन्नुको अर्थ के हो ?**
  - वातावरणमा पर्ने प्रभावको बारेमा थाहा नभएकोले र विभिन्न विकल्पहरूको सम्भावनाका कारण यो परियोजना EA को रूपमा सुरु भएको थियो । परियोजनाको डिजाइन अगाडि बढ्दै गर्दा, एउटा प्राथमिक विकल्प छनौट गरिएको थियो, र परियोजना क्षेत्रका संवेदनशील श्रोतहरूको बारेमा एउटा वातावरणीय अध्ययन पूरा गरिएको थियो । अध्ययनले वातावरणमा व्यक्तिगत वा समग्र रूपमा कुनै ठूलो प्रभाव पार्दैन भनेर पत्ता लगायो । यो कारणले गर्दा, परियोजनालाई EA देखि स्तर 2 CE मा झारिएको हो । स्तर 2 CE को प्रक्रिया अझै पनि राष्ट्रिय वातावरणीय नीति ऐन (NEPA) अन्तर्गतको पूर्ण वातावरणीय समीक्षा हो । https://bayfrontparkwayproject.com/wp-content/uploads/2020/06/2020-06-15-Approved-Level-2-CE.pdf मा गएर सम्पूर्ण वातावरणीय दस्तावेज पढ्नुहोस् ।

## समकक्षी समीक्षा

- **समकक्षी समीक्षा भनेको के हो ?**
  - समकक्षी समीक्षा भनेको एउटा आन्तरिक प्रक्रिया हो जहाँ एक परामर्शदाता (सहकर्मी) ले मुख्य परामर्शदाताको डिजाइनको काम समीक्षा गर्छन् ताकी डिजाइनमा कुनै कुरा समायोजन वा सुधार गर्नु छि कि भनेर विचार गर्न सकियोस् । यसमा दुई परामर्शदाताहरू तथा PennDOT को बीचमा हुने बैठकहरू समावेश हुन्छ, जस्तै, स्थलगत अवलोकन, डिजाइनसम्बन्धी कार्यशाला तथा समकक्षी समीक्षा समितिको साथमा हुने छलफल । केही अवस्थाहरूमा, समकक्षीद्वारा पूरा गरिएको स्वतन्त्र समीक्षा तथा गणनाका कारण डिजाइन परिवर्तन गर्ने सुझाव प्राप्त भएको छ ।
- **के Bayfront Parkway सेन्ट्रल कोरिडोर सुधार परियोजनाका लागि समकक्षी समीक्षा पूरा गरिएको छ ?**
  - हो, यो परियोजनाको फरक-फरक खण्डका लागि दुईवटा समकक्षी समीक्षा सञ्चालन गरिएको थियो ।
    - पहिलो Holland Street तथा Sassafras Street Extension को राउन्डअबाउटको योजनामा केन्द्रित थियो । समकक्षी समीक्षाले सबै प्रयोगकर्ताहरूका आवश्यकताहरूमा सन्तुलन कायम गर्न आकार ठीक छ भनेर सुनिश्चित गर्न राउन्डअबाउटको डिजाइनसम्बन्धी योजनाका साथै इन्टरसेक्सनको पैदलयात्रीको सुरक्षा पक्ष मूल्याङ्कन गर्यो । समकक्षी समीक्षा समितिमा Erie सहरको काउन्सिलका एकजना सदस्य र मेयरको कार्यालयबाट एकजना प्रतिनिधि थिए । समीक्षाभरि, प्रत्येक राउन्डअबाउटको दक्षिण तर्फको बाटोलाई घटाएर एक लेनको बाटो बनाउँदा यी क्षेत्रहरूमा पैदलयात्रीको क्रसिङको दूरी घटाउन

सकिन्छ भनेर निर्धारण गरिएको थियो ।

- दोस्रो समकक्षी समीक्षाले Holland Street को प्रस्तावित पुलमा ध्यान केन्द्रित गर्‍यो । समीक्षाले प्रारम्भिक डिजाइनको अवधारणामा सम्भावित सुधारहरू ल्याउनुका साथै विभिन्न सम्भावित वैकल्पिक सुन्दरता अवधारणाहरूको बारेमा विचार गर्न दियो । सेप्टेम्बर 2021 को बैठकका दौरान सर्वसाधारणहरू समक्ष डिजाइनहरू प्रस्तुत गरिएको थियो र सर्वसाधारणबाट प्राप्त प्रतिक्रिया तथा Erie सहरसँगको समन्वयका आधारमा त्यस मध्येबाट एउटा डिजाइन छनौट गरिएको थियो ।

- **कुन-कुन जानकारी समीक्षा गरिन्छ ?**
    - डिजाइनले संघीय, राज्य, तथा औद्योगिक निर्देशिकाहरू पालना गर्छ भनेर सुनिश्चित गर्न प्रत्येक समकक्षी समीक्षा पूरा गर्ने जिम्मेवारी पाएका परामर्शदाताले विभिन्न कारकहरूको बारेमा विचार गर्ने छन् । क्रमबद्ध बैठकहरू मार्फत, परामर्शदाताले साइटको अवस्था अवलोकन गर्ने छन्, ट्राफिक तथा सुरक्षासम्बन्धी आवश्यकताहरू मूल्याङ्कन गर्ने छन्, ट्राफिक नियन्त्रण गर्ने अवधारणात्मक रणनीतिहरूको बारेमा छलफल गर्ने छन्, र सडकमार्गको बारेमा सङ्कलन गरिएको अन्य तथ्याङ्क समीक्षा गर्ने छन् । उनीहरूले जन सहभागिता प्रक्रिया मार्फत उठेका सरोकारका विषयहरू बारेमा पनि विचार गर्ने छन् ताकी ती विषयहरू सम्बोधन गर्न डिजाइन अद्यावधिक गर्नु आवश्यक छ वा छैन भनेर निर्धारण गर्न सकियोस् ।
- **के समकक्षी समीक्षाका निष्कर्षहरूको बारेमा सर्वसाधारणलाई सूचित गरिएको छ ?**
    - हो, समकक्षी समीक्षाका नतिजाहरू PennDOT, Bayfront Parkway परियोजनाको कार्य समितिका साथै Erie सहर सँग आदानप्रदान गरिनेछ । प्रतिक्रिया प्राप्त गर्नका निम्ति सर्वसाधारण समक्ष बैठकमा र साथै अनलाइनमा www.BayfrontParkwayProject.com, www.PennDOT.gov/District1 मा र फेसबुक ग्रुप Bayfront Parkway Project मा समकक्षीले सिफारिस गरेको कुनै पनि सम्भावित परिवर्तनको बारेमा जानकारी गराइनेछ ।

## सर्वसाधारणसम्म पुग्ने प्रयास/सर्वसाधारणको टिप्पणी

- **यो परियोजनाको बारेमा सर्वसाधारणसम्म पुग्न कस्तो प्रकारका प्रयासहरू गरिएको छन् ?**
    - PennDOT ले Bayfront Parkway को अध्ययन सुरु भएदेखि नै आफ्ना योजना साझेदाहरूसँगको समन्वयमा सर्वसाधारणसम्म पुग्ने धेरै खालका प्रयासहरू गरेको छ । सर्वसाधारणबाट प्राप्त टिप्पणी सहितको जानकारी निरन्तर रूपमा अनलाइनमा www.BayfrontParkwayProject.com, www.PennDOT.gov/District1, र Bayfront Parkway Project नामक फेसबुक ग्रुपमा उपलब्ध छ । निम्न लगायतका धेरै बैठकहरू (भौतिक उपस्थितिमा सञ्चालित बैठकहरू) सञ्चालन गरिएको थियो तथा जनसहभागिताका अवसरहरू प्रदान गरिएको थियो:
        - 5 वटा सार्वजनिक बैठक (520+ सहभागीहरू)

- समुदायसम्म पुग्ने 4 वटा सामुदायिक कार्यक्रम (650+ सहभागीहरू)
- सरोकारवालाहरूको 60 भन्दा धेरै बैठकहरू
- परियोजना सल्लाहकार समितिको (PAC) 10 वटा बैठक (93 सदस्यहरू)
- समन्वय समितिको (CC) को 11 वटा बैठक (44 सदस्यहरू)
- प्राविधिक सल्लाहकार समितिको (TAC) 3 वटा बैठक (15 सदस्यहरू)

- **के सर्वसाधारणले परियोजनाको बारेमा अझै पनि प्रतिक्रिया दिन सक्छन् ?**
  - बिलकुल । परियोजनाले अझै पनि सर्वसाधारणको टिप्पणी लिइरहेको छ । हामी सबैलाई अनुरोध गर्छौं कि तपाईंलाई यो परियोजनाको बारेमा मन परेको कुराको बारेमा वा तपाईंसँग सरोकारको विषय छ, वा तपाईंलाई हामीले अन्य कुनै जानकारीको बारेमा विचार गर्नु पर्दछ जस्तो लागेको छ भने यो टिप्पणी फाराम भरेर वा PennDOT का परियोजना प्रबन्धक Tom McClelland, P.E. लाई 814-678-7081 वा thmcclella@pa.gov thmcclella@pa.gov मा सम्पर्क गरेर हामीलाई थाहा दिनुहोस् । डिजाइन प्रक्रिया अगाडि बढ्दै गर्दा, थप सार्वजनिक बैठकहरू आयोजना गरिने छन् ।
  - अगस्त 24, 2022 का लागि दुई खुला सभाहरू तय गरिएका छन् ।
    - दिउँसो 3:00 बजे देखि बेलुका 7:00 बजेसम्म, Erie-Western PA Port Authority को भवन, 1 Holland Street, Erie, PA 16507, मा एउटा प्रत्यक्ष खुला सभा आयोजना गरिनेछ । सहभागीहरूले सूचना पाटीहरू हेर्ने, Holland Street को पैदलयात्री पुल सहित योजनाहरूको बारेमा नयाँ जानकारी प्राप्त गर्ने, र डिजाइन टोलीका प्रतिनिधिहरू कुराकानी गर्ने अवसर प्राप्त गर्ने छन् ।
    - Microsoft Teams को प्रत्यक्ष प्रसारण मार्फत 5:00 बजे देखि 6:00 बजेसम्म खुला सभाको भर्चुअल भ्रमण आयोजना गरिनेछ । प्रतिनिधिहरूले प्रत्यक्ष बैठकमा प्रदर्शनमा राखिएका प्रत्येक सूचना पाटीहरूको बारेमा कुराकानी गर्ने छन् ।
    - सूचना पाटीहरूका प्रतिलिपिहरू तथा छोटो टिप्पणी फारामको लिङ्क परियोजनाको वेबसाइटमा पनि उपलब्ध हुन्छ ।
  - अघिल्ला बैठकहरूका दौडान प्राप्त प्रतिक्रियाको सारांश www.BayfrontParkwayProject.com र www.PennDOT.gov/District1 मा अनलाइनमा उपलब्ध छ ।